आज मिति २०८२ साल पुष ०६ गते आइतवार बडिगाड गाउँपालिका अध्यक्ष श्री गण्डकी थापा अधिकारी ज्यूको अध्यक्षतामा बडिगाड गाउँपालिका, गाउँ कार्यपालिकाको ५४ औं कार्यपालिका बैठक तपशिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी निम्नानुसारका प्रस्तावहरु उपर छलफल गरी निर्णय गरियो।

| क्र.सं | हस्ताक्षर | नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १. | [signature] | श्री गण्डकी थापा अधिकारी | अध्यक्ष | |
| २. | [signature] | श्री भिमसेन वन | उपाध्यक्ष | |
| ३. | [signature] | श्री बोम बहादुर थापा | सदस्य/वडा अध्यक्ष | |
| ४. | [signature] | श्री ढाल प्रसाद शेरचन | सदस्य/वडा अध्यक्ष | |
| ५. | [signature] | श्री खड्क बहादुर पुन | सदस्य/वडा अध्यक्ष | |
| ६. | [signature] | श्री मिलन रेश्मी | सदस्य/वडा अध्यक्ष | |
| ७. | [signature] | श्री विष्णु प्रसाद आचार्य | सदस्य/वडा अध्यक्ष | |
| ८. | [signature] | श्री विर बहादुर खत्री | सदस्य/वडा अध्यक्ष | |
| ९. | | श्री दिपेन्द्र प्रताप के.सी. | सदस्य/वडा अध्यक्ष | |
| १०. | [signature] | श्री जंग बहादुर बलाल थापा | सदस्य/वडा अध्यक्ष | |
| ११. | [signature] | श्री कृष्ण बहादुर के.सी. | सदस्य/वडा अध्यक्ष | |
| १२. | [signature] | श्री विरेन्द्र कुमार बुढा | सदस्य/वडा अध्यक्ष | |
| १३. | [signature] | श्री चन्द्री रास्कोटी | सदस्य | |
| १४. | [signature] | श्री देवी कामी | सदस्य | |
| १५. | | श्री रबिना थापा | सदस्य | |
| १६. | | श्री रुनमाया थापा | सदस्य | |
| १७. | तिपुरे सुनार | श्री तिपुरे सुनार | सदस्य | |
| १८. | [signature] | श्री शान्ते विश्वकर्मा | सदस्य | |
| १९. | [signature] | श्री कृष्ण प्रसाद ज्ञवाली | सदस्य सचिव | |
| अन्य उपस्थिति | | | | |
| १. | [signature] | श्री चण्डीराज पौडेल | प्रशासकीय अधिकृत | |
| २. | दिपेन्द्र खापकोय | श्री दिपेन्द्र खापकोय | प्रशासकीय अधिकृत | |
| ३. | [signature] | श्री लक्ष्मण कँडेल | स. लेखा अधिकृत | |

२०८२।०९।०६ आइतवार

CamScanner

**प्रस्ताव तथा निर्णयहरु**

१. **समीक्षा सम्बन्धमा** ।

बडिगाड गाउँपालिका गाउँपालिका गाउँ कार्यपालिकाले यस अघि गरेका बैठकको निर्णयको समीक्षा गरियो। अधिकांश निर्णयहरु कार्यान्वयन भएको र सन्तोषजनक नतिजा प्राप्तिको अवस्था रहेको पाइयो । बडिगाड गाउँपालिकाको योजना सम्झौताको तयारी, जनप्रतिनिधि-कर्मचारी समन्वय, स्थानीय विकास व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, सुशासन, शासकीय प्रबन्धको निरन्तर सुधार, सार्वजनिक वित्त व्यवस्थापन लगायतका विषयमा छलफल गरियो ।

२. **गाउँसभा तयारी** ।

बडिगाड गाउँपालिकाको अठारौं गाउँसभा मिति २०८२ पुष २२ गते सञ्चालन गर्ने निर्णय गरियो।

३. **पोषणमैत्री स्थानीय शासन कार्यक्रम सम्बन्धमा** ।

पोषणमैत्री स्थानीय शासन अन्तर्गतका पोषणमैत्री उन्मुख वडा र पोषणमैत्री स्वास्थ्य संस्था घोषणा गर्नका लागि आवश्यक तयारी गर्ने निर्णय गरियो।

४. **ढुङ्गा, गिट्टि, वालुवाको बोलपत्र आह्वान सम्बन्धमा।**

बडिगाड गाउँपालिकामा ढुङ्गा, गिट्टि, वालुवा दहत्तर बहत्तरको आय ठेक्का प्रक्रिया अगाडि बढाउन IEE प्रतिवेदन बमोजिम बोलपत्र आह्वान गर्ने निर्णय गरियो ।

५. **योजना सम्झौता कार्यान्वयन सम्बन्धमा** ।

आर्थिक वर्ष २०८२।८३ को स्वीकृत योजनाहरु सम्झौता माघ मसान्त भित्र सम्पन्न गरि कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

६. **जग्गा सहयोगदाताहरुको अभिलेख सङ्कलन, स्मारिका निर्माण सम्बन्धमा** ।

बडिगाड गाउँपालिका भित्रका सार्वजनिक सम्पत्ति निर्माणका क्रममा जग्गा उपलब्ध गराएका जग्गादाताहरुको अभिलेख सङ्कलन तथा स्मारिका निर्माण गर्ने निर्णय गरियो ।

७. **बुद्ध मा.वि. बडिगाड-०६ को स्थापना मिति कायम सम्बन्धमा।**

बडिगाड गाउँपालिका वडा नं ६ मा अवस्थित श्री बुद्ध माध्यमिक विद्यालयमा रहेको अभिलेख अनुसार नेपाल सरकार शिक्षा विभागबाट वि.स. २००८ सालमा श्री नयनोद घाटि प्राइमरी स्कुलको स्थापना भई वि.स. २०२२ साल देखि श्री बुद्ध माध्यमिक विद्यालयको नामबाट हालसम्म सञ्चालनमा रहेको वडा कार्यालयको सिफारिस भए बमोजिम श्री बुद्ध माध्यमिक विद्यालय बडिगाड गाउँपालिका ६ खालको स्थापना मिति २००८ साल माघ १९ गते कायम गर्ने निर्णय गरियो।

८. **सार्वजनिक सुनुवाई सम्बन्धमा** ।

बडिगाड गाउँपालिकाको दोस्रो चौमासिक सम्मको सार्वजनिक सुनुवाई मिति २०८२ माघ मसान्त भित्रमा बडिगाड गाउँपालिकाको वडा नं. ३ को कार्यलयमा सञ्चालन गर्ने निर्णय गरियो ।

२०८२।०९।०६ आइतवार

CamScanner

५४ औं कार्यपालिका बैठक

९. **अध्ययन विदा स्वीकृत सम्बन्धमा।**

बडिगाड गाउँपालिका वडा नं- ०३ सिसाखानी स्वास्थ्य चौकीमा कार्यरत अ.न.मी येन्जीला शेर्पा नेपाल सरकार Medical Education Commission Directorate of Examination MECEE-BL 2026 को BNS तर्फको परीक्षामा उत्तीर्ण भएकोले निजको तलबी अध्ययन विदा स्वीकृत गर्ने निर्णय गरियो।

१०. **गरिबसँग विश्वेश्वर कार्यक्रम सम्बन्धमा ।**

आर्थिक वर्ष २०८२/८३ मा गरिबसँग विश्वेश्वर कार्यक्रम बडिगाड गाउँपालिकाको वडा नं. ३ मा कार्यान्वयन गर्ने निर्णय गरियो।

११. **कृषि तथा पशु विकास कार्यक्रम सम्बन्धमा ।**

बडिगाड गाउँपालिकाको आर्थिक विकास समितिको सिफारिस अनुसार तपसिल बमोजिमका कृषि तथा पशु विकास कार्यक्रम स्वीकृत गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

| निर्णय नं. | कार्यक्रम/योजना को नाम | विनियोजित बजेट रकम | शीर्षक नं. | निर्णयको व्यहोरा | कार्यक्षेत्र | लागत सहभागिता | सम्बन्धित कार्यबिधि/मापदण्ड |
|---|---|---|---|---|---|---|---|
| १ | आ. व. २०८२/८३ मा बाखाको नयाँ पकेट विकास कार्यक्रम | १५ लाख | २६३३२ | नयाँ पकेट कार्यक्रम भएको र मापदण्ड अनुरुप कममा हजर बाखा भएको हुन पर्ने भएकाले सम्भावित क्षेत्र हेरी वडा तोकिएको | वडा नं. ४,७ र १० | ५०% | प्रधानमन्त्रि कृषि आधुनिकरण परियोजना कार्यन्वयन म्यानुअल २०७७ पहिलो शंसोधन २०८१ |
| २ | बाखा प्रवर्द्धन कार्यक्रम | ४ लाख ५० हजार | २६३३२ | बाखाको सम्भावित क्षेत्र भएको र पकेट कार्यक्रमले नछोएको हुनाले सो क्षेत्रलाई लक्षित् गरि कार्यक्रम संचालनका लागि सूचना प्रकाशन गर्ने | वडा नं. ५, ६, र ९ | ५०% | प्रदेश तथा स्थानिय तहमा सर्शत वित्तिय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि-२०८२ |
| ३ | बंगुर प्रवर्द्धन कार्यक्रम | ३ लाख | २६३३२ | कार्यविधि अनुरुप स्थानीय बंगुर संरक्षणका लागि प्राथमिकता दिदै कार्यक्रम संचालनका लागि सूचना प्रकाशन गर्ने | वडा नं. २ | ५०% | प्रदेश तथा स्थानिय तहमा सर्शत वित्तिय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि-२०८२ |
| ४ | पशु नश्ल सुधार कार्यक्रम | २ लाख ५० हजार | २२५२१ | कृत्रिम गर्भधारणलाई प्राथमिकता दिदै कार्यक्रम संचालनका लागि आवश्यक सामग्री खरिद गर्ने | पालिका | - | कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि-२०८१ |

२०८२।०९।०६ आइतवार

CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | निशुल्क पशु स्वास्थ्य घुम्ती शिविर संचालन | २ लाख | २२५२ ९ | आवश्यकता अनुरुप निशुल्क पशु स्वास्थ्य घुम्ती शिविर संचालन नभएका वडालाई प्रथामिकता दिने | वडा नं. ३, ४ | - | कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि-२०८१ |
| ६ | प्रगोशाला व्यवस्थापन तथा औजार खरिद | १ लाख ५० हजार | २२२९ १ | प्रयोगशालालाई थप व्यवस्थापन गर्नका लागि सामग्री खरिद | पालिका | - | कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि-२०८१ |
| ७ | सहकार्यमा औजार तथा सामग्री खरिद र वितरण कार्यक्रम | १ लाख | २२२२ १ | ५०% अनुदानमा सामग्री वितरण गर्न सर्वजनिक सूचना प्रकाशन गर्ने | पालिका | ५०% | कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि-२०८१ |
| ८ | आ. व. २०८१/८२ मा स्थापना भएको पकेट विकास कार्यक्रम निरन्तरता | ६ लाख | २६३३ २ | अघिल्लो वर्ष छनोट भएका कृषक समूहलाई तोकेर कार्यक्रम निरन्तरताका लागि सूचना प्रकाशन गर्ने | वडा नं. १, ४, र ७ | ५०% | प्रधानमन्त्रि कृषि आधुनिकरण परियोजना कार्यन्वयन म्यानुअल २०७७ पहिलो शंसोधन २०८१ |
| ९ | किसान सूचीकरण कार्यक्रम | २ लाख ५८ हजार | २६३३ २ | Software मा समस्या आएकाले सो समस्या समाधान नभए सम्म यथावत अवस्थामा राख्ने | पालिका | - | प्रदेश तथा स्थानिय तहमा सर्शत वित्तिय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम संचालन सम्बन्धि कार्यविधि-२०८२ |
| १० | कृषि सामाग्री तथा मेसिनरी औजार खरिद र वितरण कार्यक्रम | १ लाख | २२२२ १ | अन्तर्गत ५०% अनुदानमा सामग्री खरिद गरि वितरण गर्ने भनि सर्वजनिक सूचना प्रकाशन गर्ने | पालिका | ५०% | कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि-२०८१ |
| ११ | फलफुल नर्सरी स्थापना कार्यक्रम | १ लाख | २२५२ १ | अन्तर्गत मागमा आधारित तालिम संचालन र आवश्यकता अनुरुप बेर्ना वितरण गर्ने | पालिका | ५०% | कृषि तथा पशुपन्छी विकास, कार्यक्रम संचालन कार्यविधि-२०८१ |
| १२ | मौरी विकस कार्यक्रम | १ लाख ५० हजार | २२५२ १ | मौरीमा थप सम्भावना देखी वडा नं. ५ र ६ लाई क्षेत्र निर्धारण गर्ने र सो अनुरुप निबेदन माग गर्न सूचना प्रकाशन गर्ने | वडा नं. ५, ६ | ५०% | कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि-२०८१ |
| १३ | उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम | १ लाख | २२५२ १ | कार्यक्रम संचालनका लागि सूचना प्रकाशन गर्ने | पालिका | - | कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि-२०८१ |
| १४ | नगदेवाली विकास कार्यक्रम | १ लाख | २२५२ १ | कार्यक्रम संचालनका लागि सूचना प्रकाशन गर्ने | पालिका | ५०% | कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि-२०८१ |

२०८२।०९।०६ आइतवार

CamScanner

१२. कार्यविधिहरु सम्बन्धमा ।

बडिगाड गाउँपालिकाका देहायका कार्यविधिहरु स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

१. वडा स्तरीय पोषण निगरानी समूह गठन तथा सञ्चालन कार्यविधि, २०८२
२. वडा स्तरीय लैंगिक हिंसा निगरानी समूह गठन तथा सञ्चालन कार्यविधि, २०८२
३. आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२
४. सामी कार्यविधि तथा वित्तीय मार्गदर्शन, २०८२
५. भवन तथा सडक मापदण्ड कार्यविधि, २०८२
६. सामिजिक सुरक्षा कोष कार्यान्वयन कार्यविधि, २०८२
७. संघ संस्था दर्ता, सञ्चालन तथा नियमन कार्यविधि, २०८२

१३. घर अभिलेखिकरण सम्बन्धमा ।

बडिगाड गाउँपालिकाको स्वीकृत भवन तथा योजना मापदण्ड, २०८० लागु हुनुपुर्व गाउँपालिका क्षेत्रभित्र निर्माण भएका तर निर्माण सम्पन्न प्रमाणपत्र प्राप्त नभएका आवासीय घरहरुको फाल्गुन मसान्तभित्र अभिलेखिकरण गर्ने निर्णय गरियो ।

१४. बार्षिक खरिद योजना स्वीकृत सम्बन्धमा ।

बडिगाड गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को खरिद योजनाको स्वीकृत गर्ने निर्णय गरियो।